# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगरको बिज्ञप्ति

- यस आयोगले ना.सु., प्रशासन सेवा, सामान्य प्रशासन समूहको परीक्षा मिति २०६८/१/३१ मा देशभर सञ्चालन गरेको थियो । यसरी सञ्चालित परीक्षामा आयोगको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गत पद्मकन्या विद्याश्रम, डिल्लिवजार, केन्द्रमा १.०० बजे सञ्चालन भएको सामान्य ज्ञान तथा सामाजिक अध्ययन विषयको प्रथमपत्रको परीक्षामा गल्तीले ४.०० बजे सञ्चालन हुने सेवा सम्बन्धी दोश्रोपत्रको प्रश्नपत्र वितरण भएकोमा सोको जानकारी हुनासाथ प्रश्नपत्र खिची पुनः प्रथमपत्र कै प्रश्नपत्र वितरण गरी परीक्षा सञ्चालन भएको । यसरी पद्मकन्या विद्याश्रम, डिल्लिवजार, केन्द्रमा द्वितीयपत्रको प्रश्नपत्र पहिल्यै सार्वजनिक हुन गएकोले देशभरि कै दोश्रोपत्रको परीक्षा सञ्चालन नगरी स्थगित गरिएको थियो । सम्पर्क हुन नसकेको कारणवाट कुनै कुनै केन्द्रमा परीक्षा सञ्चालन भएको पाइएकोले सो परीक्षा समेत रद्द गरी उल्लेखित पदको द्वितीयपत्रको परीक्षा मिति २०६८/२/१८ गते ४.३० बजे देशभर सञ्चालन हुने गरी मिति २०६८/२/१ मा वसेको आयोगको विशेष वैठकले निर्णय गरेको छ ।
- असावधानीका कारणले परीक्षा स्थगित/रद्द भएको कारणले परीक्षार्थीहरुले अनावश्यक रुपमा खेप्नु परेको पीडा र निजहरुको आफ्नो मेहनत समेत खेर गएको अवस्था प्रति आयोग दुखः व्यक्त गर्दछ । साथै आगामी दिनहरुमा सतर्कता अपनाइने कुरामा सर्वसाधारणलाई आस्वश्त पार्न चाहन्छ ।
- उल्लेखित परीक्षाका सम्बन्धमा सञ्चारका विभिन्न माध्यमहरुबाट विभिन्न समाचारहरु संप्रेषण भइरहेको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । प्रथमपत्रको परीक्षा १.०० बजे शुरु हुँदा भूलवस द्वितीयपत्रको प्रश्नपत्र वितरण भएको कारणले सो प्रश्नपत्र सार्वजनिक हुन गएको व्यहोरा भन्दा वाहेक अन्य कुनै कुरा सत्य नभएको व्यहोरा जानकारी गराउँदछौं।

डा. निरंजनप्रसाद उपाध्याय

प्रवक्ता